अपडेट-३

# लकडाउनमा भारतबाट फर्केका नेपालीहरूको व्यवस्थापन

जेठ २०, २०७७

DEMOCRACY RESOURCE CENTER
डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल

# लकडाउनमा भारतबाट फर्केका नेपालीहरूको व्यवस्थापन

कोभिड-१९ रोकथाम र नियन्त्रणको लागि नेपाल र भारत दुवै देशमा २०७६ चैतको दोस्रो साता लकडाउन शुरू भयो। पछिल्लो समयमा भारतमा यातायात सेवा केही खुकुलो भएपछि भारतका विभिन्न शहरबाट नेपाली स्वदेश फर्कन शुरू गरेका छन्। संघ सरकारले भारतबाट फर्किने नेपालीहरूका लागि २० ओटा नाका तोकेको छ।[1] लकडाउनका कारण नेपाल–भारत सीमामा लामो समय रोकिएका नागरिकहरूलाई घर फर्काउने काम पनि सीमा क्षेत्रका जिल्ला प्रशासन कार्यालयहरूले गरिरहेका छन्। त्यसैले नेपाल प्रवेश गर्ने नेपालीको संख्या अत्यधिक छ र अन्य प्रदेशको तुलनामा सुदूरपश्चिम र प्रदेश ५ का सीमावर्ती जिल्लामा यस्तो चाप बढी छ। नागरिकको स्वदेश फिर्तीमा संघ, प्रदेश र स्थानीय सरकारका साथै सामाजिक संघसंस्थाले विभिन्न भूमिका निर्वाह गरेका छन्। भारतमा संक्रमण व्यापक भएकाले त्यहाँबाट फर्किने व्यक्तिहरूबाट नेपालमा संक्रमण नफैलियोस् भनी विशेष सावधानी अपनाउनु परेको छ। ती नागरिकहरूलाई नेपाल प्रवेश गराउने, सुरक्षाको बन्दोबस्त गरेर पालिकासम्म पठाउने काम मूलतः सीमावर्ती जिल्लाका प्रशासन कार्यालयले गरिराखेका छन् भने उनीहरूलाई क्वारेन्टिनमा राख्ने जिम्मेवारी स्थानीय तहले निर्वाह गरेका छन्। यद्यपि संघ, प्रदेश र स्थानीय तह सबैले एकैचोटि यति ठूलो संख्यामा भारतबाट नागरिक फर्कने अनुमान नगरेकाले तिनको सुरक्षित व्यवस्थापन जटिल बनेको छ। यो अपडेटमा भारतबाट फर्किएका नागरिकहरूको व्यवस्थापनमा गरिएका प्रयास र चुनौतीबारे चर्चा गरिएको छ।

## १) दैनिक हजारौँको संख्यामा नेपाल फर्कँदै

मुख्यतः सुदूरपश्चिम प्रदेशको कञ्चनपुर जिल्लाको गड्डाचौकी, कैलालीको गौरीफन्टा, प्रदेश ५ बाँकेको जमुनाह र रुपन्देहीको सुनौली बेलहिया नाकाबाट एक हप्तादेखि दैनिक हजारौँको संख्यामा नेपाली नागरिक भारतबाट फर्किरहेका छन्। कञ्चनपुर र पर्सा जिल्ला प्रशासन कार्यालयले जेठको दोस्रो हप्ताबाट ती जिल्ला हुँदै नेपाल प्रवेश गर्ने नेपाली नागरिकको विवरण राखेका छन्।[2] तथ्यांक सार्वजनिक नगरिए पनि कपिलवस्तु जिल्लाका नाकाबाट भित्रिएका नेपालीहरूको तथ्यांक जिल्लास्थित सशस्त्र प्रहरी कार्यालयले उपलब्ध गराएको थियो। त्यसैले यी तीनै जिल्लास्थित नाकाबाट प्रवेश गर्ने व्यक्तिको संख्या थाहा भए पनि अन्य जिल्लाको भने तथ्यांक सार्वजनिक नभएकाले विवरण यकिन गर्न सकिएन।

जेठ १२, २०७७ देखि नै नेपाली नागरिक नेपाल प्रवेश गरेका भए पनि कञ्चनपुर जिल्ला प्रशासनले जेठ १४ बाट आधिकारिक रूपमा गड्डाचौकी नाका खोल्यो। त्यहाँ प्रवेश गर्ने हरेक नागरिकलाई व्यक्तिगत विवरणसहितको फारम भर्न अनिवार्य गराइएको थियो। जेठ २० गते सम्म ४० भन्दा बढी जिल्लाका १४,१९० नेपालीहरू त्यहाँबाट भित्रिएका थिए जसमध्ये अधिकांश सुदूरपश्चिम प्रदेशका थिए। पर्सा जिल्लाको रक्सौल सीमा नाकाबाट जेठ १४ देखि १७ सम्ममा ६२४ नागरिक प्रवेश गरे। लकडाउनका कारण भारतको रक्सौलमा अलपत्र परेका नेपालीलाई जेठ १४ बाट भित्र्याइएको थियो। त्यस दिन रक्सौल नाकाबाट २९ जिल्लाका ५५९ व्यक्तिलाई नेपाल भित्र्याइयो। कपिलवस्तु जिल्लाबाट जेठ १ देखि जेठ २० सम्म २६ जिल्लाका १९,०२५ मानिस नेपाल भित्रिए। बैतडीको झुलाघाट नाकाबाट जेठ ९ देखि १७ सम्ममा चार पटक गरी १,४३२ नागरिक नेपाल प्रवेश गरेका थिए। जेठ १२ गतेपछि कैलालीको गौरीफन्टा नाकाबाट दैनिक ४,५०० देखि ५,०००, बाँकेको जमुनाह नाकाबाट दैनिक २,००० देखि २,५०० र रुपन्देहीको बेलहिया नाकाबाट दैनिक ५०० देखि १,००० नागरिक भित्रिने गरेको ती जिल्लाका सहायक प्रमुख जिल्ला अधिकारीले बताए। त्यस्तै, झापाको काँकडभिट्टाबाट दैनिक २५० देखि ३०० नागरिक नेपाल प्रवेश गर्ने तथ्यांक पाइयो। तिनको विवरण राख्ने काम सशस्त्र प्रहरीले गरिराखेको छ।

## २) नेपाल प्रवेश गरेका नागरिकको व्यवस्थापन

नेपाल प्रवेश गरेका नागरिकलाई सम्बन्धित पालिकाले बनाएको क्वारेन्टिनमा बस्ने र कोभिड-१९ को परीक्षण गर्ने गरी सकेसम्म

---

[1] सरकारले तोकेका २० नाकाहरू पशुपतिनगर, काँकडभिट्टा, रानी, कुनौली, ठाडी, माडर, भिट्टामोड, मलंगवा, गौर, वीरगंज, महेशपुर, बेलहिया, तौलिहवा, कृष्णनगर, जमुनाह, सुरजपुर, गौरिफन्टा, गड्डाचौकी, झुलाघाट र दार्चुला हुन्। https://ekantipur.com/news/2020/05/29/159075538069985496.html

[2] यी जिल्ला प्रशासन कार्यालयले सो जिल्ला हुँदै दैनिक नेपाल प्रवेश गर्ने नागरिकको तथ्यांक वेबसाइटमा राखेका छन्।

त्यही दिन सीमावर्ती जिल्ला प्रशासनले सवारी साधनको व्यवस्था गरेर पठाउने गरेको छ। नेपाल भित्रिने नागरिकको संख्या थोरै हुँदा सीमावर्ती जिल्लामा नै र्‍यापिड डायग्नस्टिक टेस्ट (आरडीटी) वा पलिमरेज चेन रियाक्सन (पीसीआर) परीक्षण गरेर संक्रमित नभएको निश्चित भएपछि उनीहरूलाई सम्बन्धित जिल्लामा पठाइन्थ्यो। थोरै मानिस आउँदा कञ्चनपुर जिल्लामा स्वाब नै परीक्षण गरेर पठाइयो। झापामा पनि काँकडभिट्टा नाकाबाट आउनेहरूलाई केही दिन राखी आरडीटी परीक्षण गरेर पठाउने व्यवस्था गरिएको थियो। तर विगत एक हप्तामा नेपाल भित्रिनेको संख्या अधिक र परीक्षण किट कम भएपछि परीक्षण नै नगरी नागरिकहरूलाई सम्बन्धित पालिकामा पठाउने गरिएको छ। यसरी विना परीक्षण पालिकामा भित्रिएका व्यक्तिहरू पालिकाले बनाएका क्वारेन्टिनमा बसेका भए पनि आउँदाखेरि पर्याप्त सावधानी नपुगेकाले संक्रमण फैलने जोखिम झन् बढेको छ। बैतडी जिल्लाको पञ्चेश्वर गाउँपालिकाका अध्यक्ष भन्छन्, “कैलालीकै बाटो भएर मानिसहरू आएका छन्। कैलाली प्रदेशको राजधानी पनि हो। प्रदेश सरकारले आउनेलाई त्यहीँ आरडीटी परीक्षण गरेर मात्र पठाइदिए पनि हामीलाई धेरै सहयोग हुन्थ्यो। तर परीक्षण नै नगरी हुलका हुल मानिस बसमा कोचेर जिल्लामा पठाएकाले संक्रमण फैलन सक्ने सम्भावना धेरै भयो।”

नेपाल प्रवेश गरेका नागरिकलाई पालिका वा जिल्ला सदरमुकामसम्म ल्याउन केही पालिकाले सवारी साधनको व्यवस्था गरेका छन्। विशेष गरेर सीमावर्ती जिल्लाभित्रका पालिकाले आफ्ना नागरिकलाई लैजान सवारी साधन पठाएको पाइयो। केही पालिकाले तिनको एकतर्फी गाडी भाडा व्यहोरिदिएका छन्। प्रदेश सरकारले पनि सवारी साधनको व्यवस्था गरेर नागरिकलाई सम्बन्धित जिल्लासम्म लैजाने व्यवस्था गरिदिएको पाइन्छ। मूलतः खर्चको अभाव भएका सीमित नागरिकलाई प्रदेश वा स्थानीय सरकारले यो सुविधा दिएका हुन्। त्यसैले अधिकांश नागरिकले सवारी साधनको भाडा आफैले व्यहोरेका छन्। तर सदरमुकामबाट पालिका वा वडासम्म पुग्नलाई भने पालिकाले निःशुल्क सवारी साधनको व्यवस्था गरेका छन्।

नेपाल प्रवेश गर्नेबित्तिकै हरेक नागरिकलाई पानी र मास्क वितरण गर्नुका साथै बसमा एक प्याकेट खाना पनि दिइएको कञ्चनपुरका सहायक प्रमुख जिल्ला अधिकारीले बताए। त्यस्तै कैलालीको गौरीफन्टा नाकामा सुदूरपश्चिम प्रदेश सरकारको सहयोग र सुदूरपश्चिम फाउण्डेशनको व्यवस्थापनमा जेठ ११ गतेबाट प्रत्येक दिन नेपाल भित्रिने लगभग २,००० जनालाई खाना, दही र पानी वितरण गरिएको छ। त्यसबाहेक धनगढीका अन्य संघसंस्था र व्यापारीले पनि नेपाल भित्रिने नागरिकलाई खानाको व्यवस्था गरेका छन्।

नेपाल सरकारले नाका खोल्ने निर्णय गरे पनि भारतको पश्चिम बंगाल सरकारले लकडाउनमा कडाइ गरेकाले भारतबाट नेपाल आउने नागरिकहरू मेची नदीमा नवनिर्मित एसियाली राजमार्गको पुलमुनि जम्मा हुन्छन्। सशस्त्र प्रहरीले उनीहरूको विवरण टिप्छ। त्यहीँबाट उनीहरूलाई सवारी साधनमा राखेर सम्बन्धित जिल्लामा पठाइन्छ। झापाका प्रमुख जिल्ला अधिकारीका अनुसार जेठ ५ देखि जेठ १७ सम्म काँकडभिट्टाबाट करिब ३,४०० नागरिक नेपाल प्रवेश गरेका थिए। ती मध्ये प्रदेश १ मा घर भएकालाई भने झापामै क्वारेन्टिनमा राखियो। प्रदेश १ बाहेक अन्य जिल्लाका १,८५० जनालाई झापाबाट तिनको सम्बन्धित जिल्लामा पठाइएको छ। झापा जिल्ला समन्वय समितिका प्रमुखका अनुसार हाल त्यहाँ प्रदेश १ र काठमाडौँ उपत्यकाका करिब १,००० जना मानिसलाई विभिन्न क्वारेन्टिनमा राखिएको छ। तीमध्ये करिब ४०० मानिस प्रदेश नम्बर १ का विभिन्न जिल्लाका छन्। प्रदेश १ सरकारको समन्वयमा प्रदेशभित्रका नागरिकलाई पीसीआर र काठमाडौँ उपत्यकाका नागरिकलाई आरडीटी परीक्षण गरेर संक्रमणमुक्त छन् भने मात्र पठाउने तयारी गरिएको छ।

## ३) नागरिकको बढ्दो चापपछि क्वारेन्टिन सञ्चालन र व्यवस्थापन

पालिकाको अनुमानविपरीत एक्कासि ठूलो संख्यामा नेपालीहरू फर्कंदा पहिले निर्माण गरिएको क्वारेन्टिन सर्वत्र अपुग भएको छ। हतारमा निर्माण गरिएका धेरै क्वारेन्टिनको मापदण्ड पुगेको छैन।[३] केही स्थानीय तहले भारतलगायत अन्य मुलुकमा बस्ने नेपालीको तथ्यांक वडा कार्यपालिका, टोल समिति, कर्मचारी तथा महिला स्वंयसेविका खटाएर तयार गरेका थिए। उदाहरणको लागि, डडेल्धुराको अजयमेरु गाउँपालिका र बाजुराको बुढीनन्दा नगरपालिकाका क्रमशः १,१५९ र १,८०० नागरिक भारतमा रहेको तथ्यांक निकालेका छन्। बैतडीको पञ्चेश्वर गाउँपालिकाका करिब

[३] कतिपय पालिकाले क्वारेन्टिनको मापदण्ड पुऱ्याउन र महिलामैत्री बनाउन कोसिस गरेको प्रसंग डीआरसीएनको पहिलो अपडेटमा उल्लेख गरिएको थियो। https://www.democracyresource.org/wp-content/uploads/2020/04/DRCN_Covid-Update_1_24Apr20_Final.pdf

५,००० र अछामको रामारोशन गाउँपालिकाका ५,९८१ मानिस जिल्लाबाहिर भएकामध्ये करिब ३,५०० भारतमा छन् । त्यस्तै प्रदेश ५ को यशोधरा गाउँपालिका र तिलोत्तमा नगरपालिकाका क्रमशः २,००० र २,९०० जना भारतमा रहेको अनुमान ती पालिकाको छ ।

आफ्ना नागरिक एकैचोटि फर्कंदैनन् भन्ने अनुमानमा थोरै शैय्याको क्वारेन्टिन निर्माण गरेका थिए पालिकाहरूले । तर भारतमा यातायात सेवा चल्न थालेपछि समूह बनाएर धेरै मानिसहरू घर फर्के । त्यसपछि हतारहतार क्वारेन्टिनको संख्या थप्नुपर्ने बाध्यता पालिकाहरूलाई पऱ्यो । पञ्चेश्वर गाउँपालिका, बुद्धभूमि नगरपालिका, यशोधरा गाउँपालिका र कचनकवल गाउँपालिकाले मानिसको चाप बढी भएपछि क्वारेन्टिन थप गरेका थिए । करिब ४,००० नागरिक भारतमा रहेको अनुमान गरेको झापाको कचनकवल गाउँपालिकाले शुरूमा एउटा विद्यालयमा २५ शैय्याको क्वारेन्टिन निर्माण गरेको थियो । तर भारतबाट एक्कासि मानिस फर्केपछि छ ओटा विद्यालयमा बनाइएको क्वारेन्टिन पनि अपुग भएको छ । त्यहाँ लगभग ४०० नागरिकलाई क्वारेन्टिनमा राखिएकोमा एउटा क्वारेन्टिनमा रहेका ९९ जनामध्ये ५२ जनालाई संक्रमण देखियो । जेठ १६ गतेसम्ममा कचनकवल गाउँपालिकामा १०० जना संक्रमित भेटिएका छन् । "गाउँपालिकाले भारतबाट आउने मानिसको यत्रो ठूलो बोझ उठाउनुपर्छ भन्ने हाम्रो दिमागमा नै थिएन," कचनकवल गाउँपालिकाका अध्यक्षले भने । त्यस्तै परिस्थिति बुद्धभूमि नगरपालिकामा पनि आइलाग्यो । पालिकाले पहिले एउटा विद्यालयमा नगरस्तरीय क्वारेन्टिन सञ्चालन गरेको थियो । भारतबाट मानिस आउने क्रम बढेपछि क्वारेन्टिनमा बस्नेको संख्या त बढ्यो नै, चार जना संक्रमित नै भेटिए । त्यसपछि प्रत्येक वडामा क्वारेन्टिन निर्माण गरियो । बैतडी जिल्लामा पहिला प्रत्येक पालिकालाई १०० शैय्याको क्वारेन्टिन निर्माण गर्न भनियो । जिल्ला भित्रिने मानिसहरूको संख्या अत्यधिक भएर क्वारेन्टिनमा मानिस नअटेपछि फेरि प्रत्येक पालिकामा १०० शैय्या थप्न लगाइएको थियो । जिल्ला संकट व्यवस्थापन केन्द्रका एक सदस्यका अनुसार पछि थप गरिएका क्वारेन्टिनको भौतिक मापदण्ड पूरा भएको छैन । भारतबाट फर्केका ७०० मानिसको व्यवस्थापन गरिराखेको पञ्चेश्वर गाउँपालिकाले विद्यालय मात्र नभई बर्थिङ सेन्टरमा समेत क्वारेन्टिन सञ्चालन गरेको छ । भारतबाट घर फर्कन चाहने थप ७०० जना पालिकाको सम्पर्कमा आएका छन् । पालिका अध्यक्ष भन्छन्, "अब बाँझो जमिनमा पाल टाँगेर राख्नुबाहेक अर्को विकल्प हामीसँग छैन । त्यहाँ खानेपानी र शौचालयको व्यवस्था कसरी गर्ने भन्ने चिन्ता छ ।" प्रायः स्थानीय तहले क्वारेन्टिनमा मानिसको चाप अत्यधिक भएपछि खाद्यान्न एवम् तरकारी व्यवस्था गरिदिएर ओढ्ने ओच्छयाउने र भाडाबर्तनलगायत सम्पूर्ण सामान सम्बन्धित व्यक्तिलाई नै ल्याउन लगाएका छन् । क्वारेन्टिनमा बस्ने मानिसहरूकै समिति बनाएर दाउरा जम्मा गर्ने, खाना पकाउने, सरसफाइ गर्ने जस्ता व्यवस्था मिलाइएको छ ।

क्वारेन्टिन व्यवस्थापनको सम्पूर्ण जिम्मेवारी स्थानीय तहलाई थोपरिदिएको र कुनै सहयोग नगरेकोमा स्थानीय जनप्रतिनिधिको असन्तुष्टि संघ र प्रदेशसँग बढेको छ । स्थानीय सरकार एक्लैले हरेक वडामा क्वारेन्टिन सञ्चालन गर्न साधन स्रोत अपुग भएकोले संघ र प्रदेश सरकारले सहयोग गर्नुपर्ने तर्क दिँदै यशोधरा गाउँपालिकाका कर्मचारी भन्छन्, "हरेक वडामा क्वारेन्टिन सञ्चालन गरेका छौं, वडामा भएका कुनै विद्यालय खाली छैनन्, भन्नलाई क्वारेन्टिन खोलिएको छ । तर सामान छैन । बस्नेहरूले घरबाट ल्याएर खाना खाइरहेका छन् । वडा र पालिकाले होटल तथा व्यापारीसँग जमानी बसेर टेन्ट, खाद्य लगायतका सामग्रीको व्यवस्था गरेको छन् । संघ र प्रदेशले मतलब गरेको जस्तो लागेन ।"

## ४) क्वारेन्टिनमा नागरिक सुरक्षा

नागरिकहरूको चाप बढ्दै जाँदा क्वारेन्टिनमा भौतिक असुरक्षा र स्वास्थ्य जोखिम दुवै बढेको देखिन्छ । त्यहाँ भएका महिला, बालबालिका, ज्येष्ठ नागरिकको सुरक्षा र खानपान लगायतका पक्षमा पर्याप्त ध्यान पुगेको छैन । क्वारेन्टिनमा सुरक्षाकर्मीको यथेष्ट निगरानी पुऱ्याउन नसकेको जनप्रतिनिधिले स्वीकारे । सुरक्षा निकायका प्रतिनिधिका अनुसार जिल्लामै दरबन्दी कम भएकाले पर्याप्त सुरक्षाकर्मी उपलब्ध गराउन कठीन छ । अर्कोतिर, सुरक्षाकर्मी नै कोराना संक्रमित हुन थालेपछि तिनको अभाव अझ बढेको छ । सुरक्षाकर्मीको अभाव दर्शाउँदै एक सहायक प्रमुख जिल्ला अधिकारीले भने, "थप प्रहरी बल संघ र प्रदेश दुवै ठाउँमा माग गरिराखेका छौं तर आइपुगेको छैन । बीस/पच्चीस जनाको टोली आए पनि क्वारेन्टिनमा खटाउन सहज हुन्थ्यो ।" प्रहरीको अभावमा बुढीनन्दा गाउँपालिकाले सुरक्षाको लागि प्रत्येक क्वारेन्टिनमा दुई जना स्वयंसेवक परिचालन गरेको छ । तर त्यसको प्रभावकारितामा पालिकाका जनप्रतिनिधि नै आशंका गर्छन् ।

क्वारेन्टिनमा रहेका विशेषतः महिला तथा बालबालिकामाथि सुरक्षा चुनौती बढेको छ। धेरैजसो पालिकाका क्वारेन्टिन महिलामैत्री छैनन्। यहि समस्यालाई ध्यान दिएर धनगढी उपमहानगरपालिकाले महिलामैत्री र महिला लक्षित क्वारेन्टिन निर्माण गरेको छ। तर सुरक्षाका लागि दिउँसोमा महिला सुरक्षाकर्मीको व्यवस्था गरे पनि, रातमा भने पुरुष सुरक्षाकर्मी हुँदा असहज महसुस गरेको केही महिलाको अनुभव थियो । क्वारेन्टिनमा बच्चासहितका महिलाहरूलाई पोषिलो खानपानको अभावमा नाबालकको पोषणमा पनि असर परेको बताइन्छ ।[४] त्यस्तै, अछामको रामारोशन गाउँपालिकाकी उपाध्यक्षले भनिन्, "पोषिलो खानपानको कमीले महिला, अझ खास गरी गर्भवती महिला, का साथै स-साना बालबालिका बढी प्रभावित भएका छन्।" उनका अनुसार क्वारेन्टिनमा गर्भवती दुई जना र पाँच वर्ष मुनिका केही बालबालिका छन्। अर्कातिर, बर्थिङ सेन्टरलाई नै क्वारेन्टिनमा रूपान्तरण गरेपछि गर्भवती महिलालाई सुत्केरी गराउन टाढाको अस्पतालमा लैजानुपरेको छ।

## ५) परीक्षण सुविधा र सामग्री आपूर्ति

परीक्षण सामग्रीको चरम अभाव भएकाले मानिसहरू आवश्यकताभन्दा बढी समय क्वारेन्टिनमा बस्नुपर्दा पनि व्यवस्थापनमा चुनौती थपिएको पाइयो। जिल्लामा ४,००० जनाभन्दा बढी मानिस क्वारेन्टिनमा भएकाले बैतडीले ५,००० परीक्षण किट मागेकोमा प्रदेशले ३,६०० ओटामात्र उपलब्ध गराएको छ। किटको अभावमा क्वारेन्टिनमा राखेको मानिसलाई घर फर्काउन नसकेको बताउँदै एक गाउँपालिकाका अध्यक्ष भन्छन्, "क्वारेन्टिनमा १२ दिन कटाइसकेका मानिस छन्। हामीसँग परीक्षण गर्ने किट हुन्थ्यो भने परीक्षण गरेर नतिजा नेगेटिभ आए तिनलाई घर पठाउन हुन्थ्यो। तर परीक्षण नगरी कसरी घर पठाउनू? घर नपठाए व्यवस्थापनमा परेको चाप कसरी थेग्नू?"

किटको अभावलाई पूर्ति गर्न कचनकवल गाउँपालिका आफैले ५०० थान भाइरल ट्रान्सपोर्ट मिडियम (भीटीएम) खरिद गरेको पालिका अध्यक्षले बताए। त्यस्तै बुढीनन्दा गाउँपालिकाले पनि खरिदको प्रक्रिया अगाडि बढाएको छ। केही पालिकामा भने आरडीटी तथा भीटीएम किटको आपूर्तिकर्ता सम्पर्कमा आए पनि तिनको सामग्रीको गुणस्तर जाँच्ने क्षमता नभएकोले खरिद प्रक्रिया अगाडि बढ्न नसकेको बताइयो। पालिकासँग किटको गुणस्तरीयता मापन गर्ने दक्ष जनशक्ति छैन। यत्तिकै किन्दा कम गुणस्तरीय सामग्री परी अविश्वसनीय नतिजा देला कि भन्ने डरले गर्दा पालिकाले परीक्षण सामग्री किन्न सकेका छैनन्। यसतर्फ संघ तथा प्रदेशले आवश्यक ध्यान दिन जरुरी देखिन्छ।

अर्कातिर, प्रदेशहरूले निर्णय गरे पनि त्यसअनुसार परीक्षण प्रयोगशाला निर्माणमा ढिलाइ भएको छ । सीमित ठाउँमा मात्र प्रयोगशाला भएकाले स्वाब पठाए पनि लामो समयसम्म नतिजा कुर्नुपर्छ । त्यस बीचमा अन्य व्यक्तिमा पनि संक्रमण फैलन सक्ने सम्भावना धेरै देखिएको छ। कचनकवल गाउँपालिकाका अध्यक्षका अनुसार स्वाब पठाएको घटीमा तीन दिन पछिमात्र प्रयोगशालाबाट नतिजा आउने गरेको छ।

## ६) तीन तहका सरकारबीच हातेमालो

भारतबाट आउने नेपालीको संख्या बढेसँगै उनीहरूमा संक्रमण देखिने दर पनि बढेको छ। संघ र प्रदेशले क्वारेन्टिन व्यवस्थापन स्थानीय सरकारको जिम्मामा छोडिदिएका छन्। स्थानीय तहले राहत वितरण, स्वास्थ्य सामग्री खरिद, क्वारेन्टिन निर्माण तथा व्यवस्थापन, आईसोलेसन वार्ड निर्माण, स्वास्थ्यकर्मीलाई भत्ता आदिमा निकै खर्च गरिसकेका छन्। धेरै पालिकाहरूको दाबीअनुसार रु एक करोड हाराहारीमा खर्च भइसकेको छ । लकडाउनका कारणले पालिकाहरूले प्रक्षेपण गरेको राजश्व संकलनमा असर परेको छ। यसले गर्दा धेरै पालिकाहरूलाई ठूलो संख्यामा भित्रिने नेपालीलाई क्वारेन्टिनको निर्माण र व्यवस्थापन गर्न जटिल भएको जनप्रतिनिधिले बताए। संघ सरकारले समानीकरण अनुदान रकमान्तर गरेर खर्च गर्न निर्देशन स्थानीय तहलाई दिएको छ। तर कोभिड-१९ नियन्त्रणका लागि बाहिरबाट आउने मानिसको व्यवस्थापन लगायतका काम गर्न समानीकरण अनुदानको सट्टा खर्च नभएको सशर्त अनुदानको रकम खर्च गर्ने बाटो खुलाई दिनुपर्ने राय गाउँपालिका महासंघका अध्यक्षको छ। उनी भन्छन्, "नेपालको संविधानको अनुसूची ५ अनुसार विशेष गरेर सरुवा रोगसम्बन्धी जिम्मेवारी संघीय सरकारको हो। अरूले सघाउने हो र स्थानीय तहले कोरोना रोकथाम तथा नियन्त्रणमा ८० प्रतिशतभन्दा बढी भार थेगेर संघ सरकारलाई सघाएको छ। कतिपय स्थानीय तहको त्यति धेरै

[४] https://www.nepalitimes.com/latest/afraid-of-men-more-than-the-virus/

बजेट पनि थिएन । कतिपय पालिकाले अर्को शीर्षकमा खर्च नभएको बजेट रकमान्तर गरे । अन्यले काम गर्दै गरेको पैसा अर्को वर्ष दिउँला, अहिले यो चाहिँ गरौँ भनेर गरे । समानीकरणको रकमान्तर गर भनेर संघीय सरकारले हामीलाई निर्देशन दिनैपर्दैन । यो कहाँ खर्च गर्ने भन्ने अधिकार हामीसँग छ । संघले भन्नुपर्ने त खर्च नभएको सशर्तको बजेट रकमान्तर गर भनेर हो । तर त्यसो भन्दैन ।"

## निष्कर्ष

भारतका विभिन्न शहरबाट नेपालीहरू ठूलो संख्यामा विभिन्न नाकाबाट नेपाल प्रवेश गरिराखेका छन् । यति ठूलो संख्यामा नेपाली नागरिक भारतबाट भित्रिएलान् भन्ने स्थानीय सरकारले सोचेका र पर्याप्त तयारी गरेका थिएनन् । सीमावर्ती जिल्ला प्रशासन कार्यालय, प्रदेश सरकार र स्थानीय तहले नेपाल भित्रिएका नागरिकहरूलाई सवारी साधन बन्दोबस्त गरेर विना परीक्षण सम्बन्धित पालिका पठाएका छन् । तर सबैलाई व्यवस्थित र सुरक्षित रूपमा क्वारेन्टिनमा बस्ने व्यवस्था मिलाउन भने स्थानीय सरकारलाई गाह्रो परेको छ । पालिकाले अनुमान गरेभन्दा बढी मानिस एक्कासि आएपछि पालिकाको आर्थिक, भौतिक र जनशक्तिले धान्न नसक्ने स्थिति छ । ठूलो संख्यामा भित्रिएका नागरिकलाई परीक्षण नगरी पठाउने र मापदण्ड नपुगेका क्वारेन्टिनमा राख्ने कामले संक्रमण फैलने सम्भावना झन् बढाइदिएको छ । परीक्षण सामग्री अभावले गर्दा क्वारेन्टिनमा राखिएका नागरिकको परीक्षण अत्यन्त सुस्त गतिमा भएको छ । संघ र प्रदेश सरकारले परीक्षण सामग्रीको आपूर्ति स्थानीय तहमा सहज त बनाउनु पर्छ नै साथै प्रयोगशालाको क्षमता र संख्या पनि तुरुन्त बढाउनु पर्छ । परीक्षण भए पनि नतिजा आउन लामो समय कुर्नुपर्ने बाध्यताले क्वारेन्टिन व्यवस्थापनमा समस्या आएको र संक्रमणको सम्भावना पनि बढाएको छ । संघ र प्रदेश सरकारले अविलम्ब क्वारेन्टिन व्यवस्थापनको जिम्मेवारी पनि लिनुपर्छ । भारतबाट फर्किएर क्वारेन्टिनमा बसेका नागरिकको व्यवस्थापन गर्ने सम्पूर्ण दायित्व स्थानीय तहलाई मात्र छोड्ने र अहिलेको जस्तै परीक्षणको गति धिमा हुने हो भने संक्रमण सहजै नियन्त्रण गर्न नसक्ने गरी फैलन सक्छ ।

यो अपडेटका लागि सुदूरपश्चिम प्रदेशको बैतडी, कञ्चनपुर र कैलाली; प्रदेश ५ को बाँके, रुपन्देही र कपिलवस्तु; प्रदेश २ को पर्सा र रौतहट; अनि प्रदेश १ को झापा जिल्लाका जिल्ला प्रशासन कार्यालयका पदाधिकारीहरूसँग टेलिफोन अन्तर्वार्ता गरिएको थियो । साथै बैतडीको पञ्चेश्वर गाउँपालिका, बाजुराको बुढीनन्दा नगरपालिका, अछामको रामारोशन गाउँपालिका, डडेल्धुराको अजयमेरु गाउँपालिका, कपिलवस्तुको यशोधरा गाउँपालिका र बुद्धभूमि नगरपालिका, रुपन्देहीको तिलोत्तमा नगरपालिका, पर्साको पटेर्वा सुगौली गाउँपालिका, रौतहटको देवाही गोनाही नगरपालिका, झापाको कचनकवल गाउँपालिकाका स्थानीय तहका जनप्रतिनिधि, कर्मचारी, सुरक्षाकर्मी, पत्रकार र अन्य सरोकारवालासँग पनि टेलिफोनबाट कुराकानी गरिएको थियो । यसका लागि द एसिया फाउण्डेशनले आर्थिक तथा प्राविधिक सहयोग गरेको हो । यसमा उल्लिखित विवरण र निचोड डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल (डीआरसीएन) को अध्ययनमा आधारित छन् । तिनले सहयोगी संस्थाको धारणा प्रतिबिम्बित नगर्न पनि सक्छन् ।